# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

बुढानिलकण्ठ नगरपालिकाको कार्यालय, काठमाडौंका उप-सचिव (प्रमुख प्रशासकीय अधिकृत) लीला अधिकारी र ईन्जिनियर बीजेन्द्र श्रेष्ठले बुढानिलकण्ठ नगरपालिका वडा नं.२ बाँडेपाखामा रिजर्भ वायर (पानी टयाङ्की) निर्माण कार्य सम्पन्न गरे पश्चात निर्माण कार्यको अन्तिम विल भुक्तानी र कार्य अनुभवपत्र दिने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजहरुलाई रु.५,००,०००/-(पाँच लाख) घुस बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.५,००,०००/-(पाचँ लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र ६ महिना देखी १ वर्ष ६ महिना सम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता